# गुर्भाकोट नगरपालिकाको जोखिम पार्श्वचित्र

गुर्भाकोट नगरपालिकाको कार्यालय

नगर कार्यपालिकाको कार्यालय

शुभाघाट, सुर्खेत

२०८०

| | | |
|---|---|---|
| सर्वाधिकार | : | गुर्भाकोट नगरपालिका, शुभाघाट, सुर्खेत |
| योजनाको नाम | : | गुर्भाकोट नगरपालिकाको जोखिम पार्श्वचित्र ( आर्थिक वर्ष २०७९/८०) |
| तयार गरिएको वर्ष | : | २०८० |
| तयार गर्ने | : | गुर्भाकोट नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, शुभाघाट, सुर्खेत |
| आर्थिक सहयोग | : | नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम (NCCSP-2) |
| प्राविधिक सहयोग | : | ईन्ट्रीगल रिसर्च सेन्टर, ललितपुर महानगरपिला-१४, रानीबु |

## धन्यवाद ज्ञापन

गुर्भाकोट नगरपालिका पश्चिम नेपालको कर्णाली प्रदेशको सुर्खेत जिल्लामा अवस्थित छ। सङ्घीय संरचना पछि स्थानीय सरकारको रूपमा रही जनताको विकासको चाहना अनुरूप यस नगरपालिकामा पूर्वाधार विकासका साथै अन्य विकास निर्माणका काम भइरहेका छन्। पहिरो, बाढी, नदी कटान, डुबान, चट्याङ्ग, सर्पदंश, झाडापखाला, आगलागी, हावाहुरी, असिनापानी, महामारी जस्ता प्रकोपहरुको कारण यस नगरपालिकामा हरेक वर्ष मानवीय क्षतिका साथै भौतिक क्षति हुने गरेको छ। खोला, खहरे, नदीनाला बहाव क्षेत्रको अतिक्रमण, अव्यवस्थित ढल निकास, शहरी क्षेत्रमा बिना योजनाका सडक निर्माण, उत्खनन र प्लटिङका कारण पनि बाढीको जोखिम बढेको छ। पछिल्लो दशकमा जलवायु परिवर्तनको प्रभावले गर्दा बेमौसमी अत्याधिक वर्षाका कारण बाढी तथा डुबान जस्ता घटनाहरुमा वृद्धि हुन गई अधिकांश स्थानहरुमा भौतिक पूर्वाधार तथा धनजनको क्षति भैरहेको अवस्था छ। पूर्वाधार विकास विशेष गरि सडक स्तरोन्नति वा विस्तार गर्दा वातावरणीय प्रभाव, पानी निकास तथा ढललाई व्यवस्थित गर्न नसक्दा बाढी तथा पहिरोको जोखिम बढेको देखिन्छ ।

नेपालको संविधान, २०७२ ले विपद् व्यवस्थापनलाई तीनवटै तहका सरकारको साझा अधिकारको सूचीमा राखेता पनि स्थानीय सरकारलाई विपद् जोखिम न्यूनीकरण , तथ्यांक सङ्कलन तथा व्यवस्थापन, पूर्व सूचना प्रणालीको विकास, जोखिम पहिचान तथा नक्साङ्कन जस्ता विषयमा प्रमुख जिम्मेवार बनाइएको छ। नेपालको संविधान, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन (२०७४), विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८-२०३०, राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा ( प्रथम संशोधन, २०७५ ) जस्ता नीतिगत व्यवस्थाको आधारमा गुर्भाकोट नगरपालिकाले आफ्नो नगरपालिकाको जोखिम युक्त स्थान पहिचान गर्नको निम्ति नगर स्तरीय जोखिम नक्साङ्कन तयार गरेको छ। यस नगरपालिकाले विपद् व्यवस्थापन सम्बन्धी आफ्नै आन्तरिक स्रोत, विकास साझेदार संस्थाहरुको सहायता तथा निजी एवम् सामाजिक क्षेत्रसँगको साझेदारीमा नक्साङ्कन भएका जोखिम न्यूनीकरण गर्नका निम्ति योजना बनाई कार्यक्रम सञ्चालन गर्ने छ। यस योजनाको कार्यान्वयनबाट विपद् जोखिम न्यूनीकरण गर्दै विपद्का कारण हुने क्षति एवम् नोक्सानी घटाउन, व्यवस्थित शहरीकरण गर्नका निम्ति नगरपालिकालाई सहयोग पुग्नेछ भन्ने विश्वास लिएको छु। गुर्भाकोट नगरपालिकाको जोखिम नक्साङ्कनको निम्ति प्राविधिक तथा विज्ञ सहयोग तथा सूचना सङ्कलन, विश्लेषण र विभिन्न चरणको छलफल गरि योजना तयारीको परामर्शदाताको रूपमा भूमिका निर्वाह गरेकोमा ईन्ट्रिगल रिचर्स सेन्टर लाई धन्यवाद दिन चाहन्छु। यस योजना तर्जुमाको क्रममा छलफलको समन्वय गरि आवश्यक सूचना उपलब्ध गराउनुहुने सबै वडाका वडाध्यक्ष तथा स्थानीय समुदायको योगदान उल्लेखनीय छ। त्यसै गरि नगरस्तरीय छलफलको नेतृत्वदायी भूमिकाका लागि यस गुर्भाकोट नगरपालिकाका सबै विषयगत शाखाका कर्मचारी, विपद् व्यवस्थापन सम्पर्क व्यक्ति लगायत सबैलाई धन्यवाद दिन चाहन्छु।

..............

धन्यवाद

श्री हस्त पुन

नगर प्रमुख

# विषयसूची


धन्यवाद ज्ञापन ........ – १ –
तालिकाहरु ........ – ४ –
चित्रहरु ........ – ४ –
अनुसूची ........ – ५ –

**खण्ड १: परिचय ........ १**

**१.१** सुर्खेत जिल्लाको परिचय ........ १
**१.२** नगरपालिकाको परिचय ........ १
१.२.१ भौगोलिक अवस्थिति ........ २
१.२.२ राजनैतिक तथा प्रशासनिक विभाजन ........ ३
१.२.३ जलवायु ........ ३
१.२.४ वर्षातको विवरण ........ ४
**१.३** नगरपालिकाको सामाजिक, आर्थिक तथा मानविय अवस्था ........ ५
१.३.१ सामाजिक तथा शैक्षिक अवस्था ........ ५
१.३.२ जाति तथा सम्प्रदाय ........ ७
१.३.३ साक्षरता तथा अपाङ्गता ........ ८
१.३.४ आर्थिक गतिविधि ........ ९
**१.४** नगरपालिकाको प्राकृतिक स्रोतको अवस्था ........ १०
१.४.१ कृषि सम्बन्धी विवरण ........ १०
१.४.२ भू–उपयोग विवरण ........ ११
१.४.३ जलस्रोतको विवरण ........ १३
१.४.४ भिरालोपन ........ १४
**१.५** भौतिक पूर्वाधारको अवस्था ........ १६
१.५.१ सडक सञ्जाल ........ १६
१.५.२ पर्यटन ........ १७
१.५.३ स्वास्थ्य क्षेत्र ........ १७
**१.६** उद्देश्य ........ १७
**१.७** कार्यविधि ........ १७
**१.८** कार्यक्षेत्र र सीमा ........ १८
**१.९** मार्गदर्शन सिद्धान्तहरु ........ १८

**१.१०** भूमि तथा भूमि स्रोतको प्रभावकारी उपयोग....................१८

**खण्ड २: विपद् व्यवस्थापनका कानुनी व्यवस्था....................१९**

**२.१** विपद् जोखिमको राष्ट्रिय परिदृष्य....................१९

**२.२** विपद् जोखिमको प्रादेशिक परिदृष्य....................२०

**२.३** विपद् जोखिमको जिल्ला परिदृष्य....................२०

**२.४** विपद् जोखिमको स्थानीय परिदृष्य....................२२

**२.५** कानूनी, नीतिगत तथा संस्थागत व्यवस्था....................२२

२.५.१ अन्तर्राष्ट्रिय कार्यढाँचा तथा रणनीतिहरु....................२२

२.५.२ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि राष्ट्रिय कानून नीति तथा कार्ययोजना....................२४

२.५.३ प्रादेशिक कानून, नीति तथा कार्ययोजना....................२८

२.५.४ स्थानीय अभ्यास....................२९

**खण्ड ३: प्रकोप, संकटासन्नता, क्षमता तथा जोखिम विश्लेषण....................३०**

**३.१** नगरपालिकाका विधमान प्रमुख प्रकोपहरु....................३०

३.१.१ भू–कम्प....................३०

३.१.२ बाढी जोखिम मूल्याङ्कन....................३२

३.१.३ आगलागी जोखिम मूल्याङ्कन....................३५

३.१.४ पहिरो जोखिम मूल्यांकन....................३७

**खण्ड ४: निष्कर्ष तथा राय– सुझाव....................४०**

सन्दर्भ सामग्री....................४२

## तालिकाहरु


तालिका १: गुर्भाकोट नगरपालिकाको राजनैतिक तथा प्रशासनिक जानकारी ....... ३
तालिका २: गुर्भाकोट नगरपालिकाको जनसाङ्ख्यिक विवरण ....... ६
तालिका ३: गुर्भाकोट नगरपालिकाको भू-उपयोग विवरण ....... १३
तालिका ४: सुर्खेत जिल्लाको विभिन्न स्थानीय निकायमा घटेका विपदका घटनाको सङ्ख्या ....... २१
तालिका ५: सुर्खेत जिल्लाको विभिन्न स्थानीय निकायमा विपदबाट भएका क्षेतीको विवरण ....... २२
तालिका ६: गुर्भाकोट नगरपालिका बाढीको जोखिममा रहेका बस्तीहरुको विवरण ....... ३३
तालिका ७: तालिका गुर्भाकोट नगरपालिका आगलागी जोखिममा रहेका बस्तीहरुको विवरण ....... ३६
तालिका ८: गुर्भाकोट नगरपालिका पहिरो जोखिममा रहेका बस्तीहरुको विवरण ....... ३८


## चित्रहरु


चित्र १ गुर्भाकोट नगरपालिकाको अवस्थिति ....... २
चित्र २ गुर्भाकोट नगरपालिकाको तापक्रमको विवरण ....... ४
चित्र ३ गुर्भाकोट नगरपालिकाको ६५ वर्षको वर्षातको तथ्याङ्क ....... ४
चित्र ४ गुर्भाकोट नगरपालिकाको मनसुनी वर्षाको नक्सा ....... ५
चित्र ५ गुर्भाकोट नगरपालिकाको जनघनत्व नक्सा ....... ७
चित्र ६ गुर्भाकोट नरपालिकाको जातजातीगत विवरण ....... ८
चित्र ७ गुर्भाकोट नगरपालिकाको साक्षरताको अवस्था ....... ८
चित्र ८ गुर्भाकोट नगरपालिकाको अपाङ्गताको विवरण ....... ९
चित्र ९ गुर्भाकोट नगरपालिकामा आर्थिक गतिविधिमा संलग्न मानविय स्रोतको विवरण ....... १०
चित्र १० गुर्भाकोट नगरपालिकाको माटोको प्रकार ....... ११
चित्र ११ गुर्भाकोट नगरपालिकाको भू-उपयोग नक्सा ....... १२
चित्र १२ गुर्भाकोट नगरपालिकाको परिधि भित्रको नदी सञ्जालको नक्सा ....... १४
चित्र १३ गुर्भाकोट नगरपालिकाको भिरालोपनाको नक्सा ....... १५
चित्र १४ गुर्भाकोट नगरपालिकाको भू-धरातलीय नक्सा ....... १५
चित्र १५ गुर्भाकोट नगरपालिका भित्रको सडक सञ्जालको नक्सा ....... १६
चित्र १६ गुर्भाकोट नगरपालिकामा अवस्थित भ्रंस रेखा र बस्ती क्षेत्रको नक्सा ....... ३१
चित्र १७ १०० वर्षको अन्तरालमा नेपाल वरपर गएको भूकम्पका केन्द्रबिन्दुको नक्सा ....... ३२
चित्र १८ गुर्भाकोट नगरपालिकाको बाढी जोखिमको अवस्थिति नक्सा ....... ३३
चित्र १९ गुर्भाकोट नगरपालिकाको डुबान/ कटानको जोखिमको अवस्थिति नक्सा ....... ३५
चित्र २० गुर्भाकोट नगरपालिकाको आगलागी/डढेलोको जोखिमको अवस्थिति नक्सा ....... ३६
चित्र २१ गुर्भाकोट नगरपालिकाको पहिरो जोखिमको अवस्थिति नक्सा ....... ३८

# अनुसूची

अनुसूची १ गुर्भाकोट नगरपालिकाको जोखिम नक्साहरु
अनुसूची २  गुर्भाकोट नगरपालिकाको वडागत जोखिम नक्साहरु

# खण्ड १: परिचय

## १.१ सुर्खेत जिल्लाको परिचय

सुर्खेत चुरे र महाभारत श्रृङ्खलाको  बिचमा अवस्थित कमजोर धरातल भएको भू-भागले बनेको पहाडी जिल्ला हो। यसको भौगोलिक अवस्थिति २८ डिग्री २० मिनेट देखि  २८ डिग्री ५८ मिनेट उत्तरी अक्षांश र ८० डिग्री ५९ मिनेट देखि ८२ डिग्री ०२ मिनेट पूर्वी देशान्तरभित्र रहेको छ। समुन्द्र सतहबाट १९८मि . देखि २३६७ मि . सम्मको उचाइमा रहेको यस जिल्लाको क्षेत्रफल २४५१ वर्ग कि.मि. रहेको छ। यस जिल्लाको पूर्वमा सल्यान र जाजरकोट, पश्चिममा कैलाली, डोटी र अछाम, उत्तरमा दैलेख र दक्षिणमा बाँके र बर्दिया जिल्लाहरु पर्दछन्। नेपालको पछिल्लो परिवर्तित संरचना अनुसार विभिन्न ७ वटा प्रदेशहरु मध्य कर्णाली प्रदेशको राजधानीका रुपमा रहेको यस सुर्खेत जिल्लामा ५ वटा नगरपालिका र ४ वटा गाउँपालिका रहेका छन।

भेरी र कर्णाली नदी लगायत गोचेखोला, शुभाघाटखोला, झुप्राखोला, चिङगाडखोला, गिरीघाटखोला, सोतखोला, नेवारेखोला, इत्रामखोला, खोर्केखोला एवम निकासखोला जस्ता नदी  र खोलाहरु यसै जिल्लाको भूभाग भएर बग्ने भएकाले यो जिल्ला बाढी तथा पहिरोको उच्च जोखिममा रहेको छ भन्दा अत्युक्ति नहोला।  जिल्लाको १३ प्रतिशत भूभाग चुरे र ४३ प्रतिशत भूभाग महाभारत पहाडले ओगटेको हुनाले यस जिल्लामा पहिरोको जोखिम उच्च नै रहेको छ। त्यसैगरि, आगलागी, महामारी र सडक दुर्घटना जस्ता प्रकोपहरुको जोखिम पनि यस जिल्लामा विद्यमान रहेको छ।

सुर्खेत जिल्लाको विपद पूर्वतयारी तथा  प्रतिकार्य योजना,२०७८ का अनुसार यस जिल्ला २०७१ सालमा गएको बाढीले करिब १४६५ घरहरु  पुर्ण क्षति तथा ८८४ घरमा  आंशिक क्षति भएका थियो । सो बाढीबाट १२५ जनाको मृत्यु, हुनका साथै  सयौँको  सङ्ख्यामा घाइते र करिव रु. १०,७९,७१,३८,९९१  ।- बरावरको अनुमानित क्षति भएको पाइन्छ।

स्थानीय तह  गठन भए पश्चात यस जिल्लाका ९ वटा स्थानीय तहमा  भएका घटनाको विश्लेषण गर्दा  विभिन्न प्रकारका विपद्का घटनाले १७ जनाको मृत्यु,, ५५ जना घाईते तथा ३०८ घरपरिवार प्रत्यक्ष रुपमा प्रभावित भएका थिए र उक्त विपद्को घटनमा करीव  रु १६,५६,००,४३० (अक्षेरुपीः सोह्र लाख पैसठ्ठी लाख, चारसय तिस ) रुपैंया बरावरको धनमालको नोक्सान भएको थियो (स्रोत: Nepal Disaster Risk Reduction Portal (drrportal.gov.np))।

## १.२ नगरपालिकाको परिचय

गुर्भाकोट नगरपालिका सुर्खेत जिल्लाको पूर्वी भागमा पर्दछ। साविकका दहचौर, गुमी, घुमखहरे र मेहेलकुना गाविसहरु मिली तत्कालीन शुभाघाट गंगामाला नगरपालिका २०७२ असोजमा बनेको थियो र त्यसपछि २०७३ फागुन २७ साबिकका सहारे, मालारानी र धारापानी गाविस थपगरि गुर्भाकोट नगरपालिका बनेको हो। यस नगरपालिकाको जम्मा क्षेत्रफल २२८.६२ वर्ग किमि रहेको छ।  यस नगरपालिका अक्षांश २८ डिग्री ३३ मिनेट उत्तर देखी २८ डिग्री ५३ मिनेट उत्तर सम्म र देशान्तर ८१ डिग्री ८१ मिनेट पूर्व देखी ८१ डिग्री ९९ मिनेट पूर्व सम्म फैलिएको छ। यस नगरपालिकाको पूर्वमा सल्यान जिल्ला, पश्चिममा भेरी गंगा नगरपालिका , उत्तरमा सिम्ता र चिङ्गाड गाउपालिका  र दक्षिणमा सल्यान जिल्ला रहेको छ।

### १.२.१ भौगोलिक अवस्थिति

भौगोलिक हिसाबले अक्षांश २८ डिग्री ३३ मिनेट उत्तर देखी २८ डिग्री ५३ मिनेट उत्तर सम्म र देशान्तर ८१ डिग्री ८१ मिनेट पूर्व देखी ८१ डिग्री ९९ मिनेट पूर्व सम्म फैलिएको गुर्भाकोट नगरपालिका, कर्णाली प्रदेशको पूर्वी क्षेत्र एउटा मुख्य प्रवेश मार्ग रहेको छ (चित्र-१)। यो नगरपालिका दक्षिणी भाग चुरे पर्वत देखि महाभारत पर्वत सम्म फैलिएको हुनाले उत्तर दिशाबाट दक्षिण तर्फ भिरालो परेको भू-बनावट रहेको छ। यस नगरपालिकाको महाभारत श्रृङ्खलामा पर्ने जमिन भिरालो तथा कृषि कार्यका लागि अनुपयुक्त खालको छ भने दक्षिण तिरको चुरे श्रृङ्खला पनि भिरालो तर उत्तरको भन्दा केही कृषि कार्यका लागि उपयुक्त खालको भू- बनावट रहेको छ। बिचको समथर भूभाग कृषिको लागि उपयुक्त हुनाको साथै यातायातको राम्रो सुविधाले गर्दा यस क्षेत्रको जनघनन्त्व पनि बढी रहेको छ। यहाँको माटोको बनावट हेर्दा बलौटे, चिम्टयाइलो, रातोमाटो, खैरोमाटो आदी खालको माटो पाइन्छ।




(स्रोतः https://www.sthaniya.gov.np/gis/)

**चित्र १ गुर्भाकोट नगरपालिकाको अवस्थिति**

### १.२.२ राजनैतिक तथा प्रशासनिक विभाजन

यस गर्भाकोट नगरपालिकाको राजनैतिक तथा प्रशासनिक जानकारी तल तालिका १ मा प्रस्तुत गरिएको छ ।

**तालिका १ः गुर्भाकोट नगरपालिकाको राजनैतिक तथा प्रशासनिक जानकारी**

| | |
|---|---|
| प्रदेश | कर्णाली |
| जिल्ला | सुर्खेत |
| गाउँपालिका केन्द्र | वडा नं १२, शुभाघाट |
| वडाहरु | १४ |
| साविकका गाविसहरु | दहचौर, गुमी, घुमखहरे र मेहेलकुनाः शुभाघाट र सहारे, मालारानी र धारापानी गाविस समेटेर हालकोः गुर्भाकोट नगरपालिका |

स्रोत: गुर्भाकोट नगरपालिकाको प्रोफाइल, २०७४

### १.२.३ जलवायु

यस नगरपालिकामा न्यानो र शीतोष्ण हावापानी रहेको पाइन्छ। यहाँ जाडो मौसम भन्दा गर्मी मौसममा बढी वर्षा हुने गरेको पाइन्छ। सबैभन्दा गर्मी वैशाख-जेठमा हुने गर्दछ र यसक्षेत्रमा औसत तापक्रम २१.८४ डिग्री सेल्सियस पुग्ने गर्दछ। त्यसै गरि सबैभन्दा जाडो पुषमा हुने गर्दछ र औसत तापक्रम २१.८४ डिग्री सेल्सियस हुने गर्दछ। यस क्षेत्रको औसत अधिकतम तापक्रम २९.९ डिग्री सेल्सियस र औसत न्यूनतम तापक्रम १५.४० हुने गर्दछ । यस क्षेत्रको तापक्रम विवरण तलको चित्र २ मा दिइएको छ।




(स्रोत: जल तथा मौसम विज्ञान विभाग, २०८०)

**चित्र २ गुर्भाकोट नगरपालिकाको तापक्रमको विवरण**

### १.२.४ वर्षातको विवरण

यस क्षेत्रको वर्षातको तथ्यांक विश्लेषण गर्दा औसत प्रति वर्ष १७५४ मिलिमिटर वर्षा हुने गरेको छ भने सन् १९६४ मा यस क्षेत्रमा भारी वर्षा भइको देखिन्छ उक्त समयमा यस क्षेत्रमा एक वर्षमा ३७७१ मिलिमिटर वर्षा भएको देखिन्छ र सबै भन्दा कम वर्षा सन् २०१० मा ९७४ मिलिमिटर भएको देखिन्छ। विगत ६५ वर्षको यस क्षेत्रमा वर्षातको विवरण चित्र ३ मा प्रस्तुत गरिएको छ।




(स्रोत: जल तथा मौसम विज्ञान विभाग, २०८०)

**चित्र ३ गुर्भाकोट नगरपालिकाको ६५ वर्षको वर्षातको तथ्याङ्क**

यस नगरपालिकामा मनसुन साउनमा हुने गरेको वर्षातको विवरण भूउपग्रह बाट प्राप्त उच्च रिजोलुसनको मौसमी तथ्याङ्क प्रयोग गर्दा नगरपालिकाको पूर्वी भेग अर्थात वडा नं ३, २, र ४ मा औसतमा ५४३ मिलिमिटर वर्षात हुने गरेको देखिन्छ भने महाभारत क्षेत्र अर्थात वडा नं १४, ११ को माथिल्लो क्षेत्र (डाँडा) र वडा नं २, ३ र ४ मा रहेको उच्च डाँडा जुरी चुलामा सबै भन्दा कम अर्थात २६४ मिलिमिटर वर्षा भएको देखिन्छ। यस क्षेत्रको मौसमी नक्साङ्कन तलको चित्र ४ मा प्रस्तुत गरिएको छ।




(स्रोतः Digital Elevation Model /Arcgis 10.6)

**चित्र ४ गुर्भाकोट नगरपालिकाको मनसुनी वर्षाको नक्सा**

## १.३ नगरपालिकाको सामाजिक, आर्थिक तथा मानविय अवस्था

### १.३.१ सामाजिक तथा शैक्षिक अवस्था

राष्ट्रिय जनगणना, २०७८ अनुसार गुर्भाकोट नगरपालिकाको जनसङ्ख्या ४८,२१६ रहेको छ जस मध्ये पुरुष ४६.०१% (२२,१८३ जना) र महिला ५३.९९% (२६,०३३ जना) रहेका छन्। यस नगरपालिकामा पुरुषको तुलनामा महिला ७.९८ प्रतिशतले बढि रहेको पाइन्छ। सोही तथ्यांक अनुसार लैंगिक अनुपात (Sex Ratio) प्रति १०० महिलामा पुरुषको सङ्ख्या ८५.११ रहेको छ भने जनघनत्व (प्रति वर्ग किलोमिटरमा रहेको जनसङ्ख्या) २११ जना प्रति वर्ग किलोमिटर रहेको छ। राष्ट्रिय जनगणना, २०७८ अनुसार गुर्भाकोट नगरपालिकामा ११,७९८ घरपरिवार रहेका छन् र औसत परिवार सङ्ख्या ४.१० जना रहेको देखिन्छ। यस नगरपालिकाको जनसांख्यिक विवरण तालिका २ मा प्रस्तुत गरिएको छ।

### तालिका २: गुर्भाकोट नगरपालिकाको जनसाङ्ख्यिक विवरण

| वडा | घरधुरीको सङ्ख्या | जनसङ्ख्या | | | औसत परिवार सङ्ख्या | लैंगिक अनुपात |
|---|---|---|---|---|---|---|
| | | जम्मा | पुरुष | महिला | | |
| १ | ४३९ | ११७० | ८०६ | ९६४ | ४.०३ | ८३.६१ |
| २ | ८६३ | ३४६१ | १५८० | १८८१ | ४.०१ | ८४ |
| ३ | ६२४ | २८६५ | १३६० | १५०५ | ४.५९ | ९०.३७ |
| ४ | १०३७ | ४२६० | २०९९ | २२६१ | ४.२० | ९२.८४ |
| ५ | ७१२ | ३२१५ | १५३३ | १६८२ | ४.५२ | ९१.१४ |
| ६ | ११५५ | ४५५२ | २०४० | २५१२ | ३.९४ | ८१.२१ |
| ७ | ७८५ | ३१७१ | १४४३ | १७२८ | ४.०४ | ८३.५१ |
| ८ | ११०४ | ४३२६ | २०४४ | २२८२ | ३.९२ | ८९.५७ |
| ९ | १०६३ | ४५२८ | २१२१ | २४०७ | ४.२६ | ८८.१२ |
| १० | ५३८ | २०६८ | ९०८ | ११६० | ३.८४ | ७८.२८ |
| ११ | ६५३ | २६५३ | १२२५ | १४२८ | ४.०६ | ८५.७८ |
| १२ | ८३३ | ३२१६ | १४३० | १७८६ | ३.८६ | ८०.०७ |
| १३ | ११३१ | ४५३४ | १९८५ | २५४९ | ४.०१ | ७७.८७ |
| १४ | ८६१ | ३४९७ | १६०९ | १८८८ | ४.०६ | ८५.२२ |
| **जम्मा** | **११७८९** | **४८२१६** | **२२१८३** | **२६०३३** | **४.१०** | **८५.११** |

स्रोत: राष्ट्रिय जनगणना, २०७८

यस नगरपालिकाको वडाहरुको जनसङ्ख्या तथा घरपरिवारहरुका तुलनात्मक अध्ययन गर्दा सबैभन्दा धैरै जनसङ्ख्या वडा नं. ११ मा रहेको छ भने सबैभन्दा थौरै जनसङ्ख्या वडा नं. ८ मा रहेको छ। वडागत जनघनत्व हेर्दा वडा नं ७,८ र १३ मा सबै भन्दा वढी जनघनत्व (४०० भन्दा वढी प्रति वर्ग किमि) रहेको छ भने वडा नं ११ मा सबै भन्दा कम जनघनत्व

(१०० जना भन्दा कम प्रति वर्ग किमि) रहेको छ। वडागत आधारमा यस नगरपालिकाको जनघनत्वको अवस्थालाई चित्र ५ मा प्रस्तुत गरिएको छ ।




(स्रोतः नापी विभाग/Arcgis 10.6)

**चित्र ५ गुर्भाकोट नगरपालिकाको जनघनत्व नक्सा**

### १.३.२ जाति तथा सम्प्रदाय

राष्ट्रिय जनगणना २०७८ अनुसार यस गुर्भाकोट नगरपालिकामा १४ प्रकारका जातजातिको बसोवास रहेका छ जसमा सबै भन्दा बढी क्रमशः क्षेत्री ३० प्रतिशत, विश्वकर्मा २८ प्रतिशत र मगर २५ प्रतिशत रहेका छन् भने सबै भन्दा कम वादी र सन्यासी क्रमशः १ र १ प्रतिशत रहेका छन्। यसका साथै यस नगरपालिकामा नेपाली सबै भन्दा बढी (९९.१ प्रतिशत) बोलिने गरेको छ भने अन्य भाषा जस्तैः मगर, गुरुङ्, थारू आदी जम्मा ०.२ प्रतिशतले बोल्ने गरेका छन्। यस नगरपालिकाको जातजातिको विवरण चित्र ६ मा प्रस्तुत गरिएको छ ।




स्रोत: राष्ट्रिय जनगणना २०७८

**चित्र ६ गुर्भाकोट नरपालिकाको जातजातीगत विवरण**

### १.३.३ साक्षरता तथा अपाङ्गता

राष्ट्रिय जनगणना २०७८ अनुसार यस नगरपालिकाको कुल साक्षरता दर ८२.८ प्रतिशत रहेको छ जसमा पुरुष साक्षरता दर ८९.१ प्रतिशत रहेको छ भने महिला साक्षरता दर ७७.६ प्रतिशत रहेको छ। यस नगरपालिकाको समग्र शैक्षिक अवस्था तलको चित्र ७ मा देखाइएको छ। यस नगरपालिकाको निरक्षरता विवरण केलाउँदा महिलाको निरक्षरता दर बढी रहेको देखिन्छ।




स्रोत: राष्ट्रिय जनगणना २०७८

**चित्र ७ गुर्भाकोट नगरपालिकाको साक्षरताको अवस्था**

यसका साथै यस नगरपालिकाको अपाङ्गता विवरण केलाउँदा राष्ट्रिय जनगणना २०७८ अनुसार यस नगरपालिकाको ३.२ प्रतिशत जनसङ्ख्यामा कुनै न कुनै प्रकारको अपाङ्गता रहेको देखिन्छ जसमा पुरुष ३.६ प्रतिशत र महिला २.९ प्रतिशत रहेका छन्। यस नगरपालिकाको अपाङ्गता भएका व्यक्तिहरु मध्य सबै भन्दा बढी शारीरिक अपाङ्गता रहेको

देखिन्छ भने सबै भन्दा कम १ प्रतिशत क्रमशः बौद्धिक अपाङ्गता, हेमोफिलिया, अजिटम आदी रहेका छन् । यस नगरपालिकाको अपाङ्गता विवरण तलको चित्र ८ मा देखाइएको छ ।




स्रोत: राष्ट्रिय जनगणना २०७८

**चित्र ८ गुर्भाकोट नगरपालिकाको अपाङ्गताको विवरण**

### १.३.४ आर्थिक गतिविधि

राष्ट्रिय जनगणना २०७८ अनुसार १० वर्ष र माथिको उमेर समूहलाई अध्ययन गर्दा ७५.३ प्रतिशत जनसङ्ख्या कुनै न कुनै आर्थिक गतिविधिमा सक्रिय रहेको देखिन्छ । आर्थिक रुपमा सक्रिय जनसङ्ख्या हेर्दा ७६.१ प्रतिशत पुरुष रहेका छन् भने ६४.३ प्रतिशत महिला आर्थिक रुपमा सक्रिय रहेको देखिन्छ ।

आर्थिक रुपमा सक्रिय जनसङ्ख्या मध्य ५०.१ प्रतिशत जनसङ्ख्या कृषि तथा मत्स्य पालनमा संलग्न भएको देखिन्छ भने प्राथमिक कामदार, प्राविधिक तथा सुरक्षाकर्मीको रुपमा क्रमशः २३ प्रतिशत तथा ०.७ प्रतिशत भन्दा कम रहेको देखिन्छ । यस गुर्भाकोट नगरपालिकाको आर्थिक गतिविधिमा संलग्न महिला तथा पुरुषको तुलना गर्दा महिलाहरु अनौपचारिक आर्थिक गतिविधि जस्तैः कृषि, प्राथमिक कामदारको रुपमा आर्थिक गतिविधिमा संलग्न भएको पाइन्छ । यस गुर्भाकोट नगरपालिकाको आर्थिक गतिविधिमा संलग्न महिला तथा पुरुषको विवरण तलको चित्र ९ मा प्रस्तुत गरिएको छ ।




स्रोत: राष्ट्रिय जनगणना २०७८

**चित्र ९ गुर्भाकोट नगरपालिकामा आर्थिक गतिविधिमा संलग्न मानविय स्रोतको विवरण**

## १.४ नगरपालिकाको प्राकृतिक स्रोतको अवस्था

### १.४.१ कृषि सम्बन्धी विवरण

प्राकृतिक सम्पदाको हिसाबले यो नगरपालिका कृषिको लागि उपयुक्त उर्वर भूमि रहेको छ। यस नगरपालिकाको भू-उपयोग अनुसार क्षेत्रमा करिव ६० प्रतिशत जमिनमा खेतीयोग्य वा खेतीपातीको निम्ति प्रयोग भएको देखिन्छ। नगरपालिकाको प्रमुख खाद्यान्न, नगदे तथा अन्न बालिहरुमा धान, गहुँ, मकै, मास, मुसुरो, तोरी, कोदो, चना, तिल आदी हुन्। नगरपालिकाका १४ वटै वडामा खेतीपाती हुनसक्ने र भैरहेका प्रसस्त कृषि क्षेत्रहरु छन। हाल खेतीपाती भैरहेका क्षेत्र मलिला र सघन खेतीपाती गर्न सकिने उर्वर क्षेत्रमा पर्ने भएकाले यो नगरपालिकालाई कृषि तथा पशुपालन नमुना क्षेत्रका रुपमा विकास गर्न सकिन्छ। नगरपालिकाका कुल जनसंख्याको ५० प्रतिशत भन्दा बढी कृषि पेशामा संलग्न रहेकाले नगरपालिकाको दीर्घकालीन विकास र समृद्धिका लागि यो क्षेत्रलाई वैज्ञानिकीकरण र व्यवसायिकरण गर्न सकिने प्रबल संभावना रहेको छ। यी क्षेत्रमा रहेको माटोको प्रकृतिअनुसार बालीनाली तथा फलफूल र तरकारीको खेतीका आधारमा कृषि तथा पशु (भैसि, गाई, बाख्रा) पकेट क्षेत्रको रुपमा विकास गर्न सकिन्छ। यस नगरपालिकाको माटोको प्रकार हेर्दा कृषि कार्यको निम्ति निकै उपयुक्त रहेको देख्न सकिन्छ। यस नगरपालिकामा पाइने माटोको प्रकार तलको चित्र १० मा प्रस्तुत गरिएको छ।




(स्रोतः Digital Elevation Model, SRTM 20m resolution / Open Source Map/ Satellite Image/Arcgis 10.6)

**चित्र १० गुर्भाकोट नगरपालिकाको माटोको प्रकार**

### १.४.२ भू-उपयोग विवरण

गुर्भाकोट नगरपालिकाको विद्यमान भू-उपयोग (चित्र ११) हेर्दा नगरपालिकाको धेरैजसो जग्गा हाल खेतीयोग्य जमिनको रुपमा रहेको छ । खेतीयोग्य जमिनमध्ये अधिकांश जमिन मौसमी वर्षामा निर्भर रहेको छ । नगरपालिकामा बगिरहेका विभिन्न खोलानालाको किनारमा अवस्थित खेतीयोग्य जमिनको उर्वराशक्ति उच्च रहेको छ ।




(स्रोतः Digital Elevation Model, SRTM 20m resolution / Open Source Map/ Satellite Image/Arcgis 10.6)

**चित्र ११ गुर्भाकोट नगरपालिकाको भू-उपयोग नक्सा**

गुर्भाकोट नगरपालिकाको विद्यमान भू-उपयोग हेर्दा नगरपालिकाको ६२.२९ प्रतिशत (१४२.३६ वर्ग कि.मि.) जमिन वन क्षेत्रको रुपमा उपयोगमा रहेको छ भने २४.४४ प्रतिशत (५५.८५ वर्ग कि.मि.) कृषि क्षेत्रले ओगटेको छ। खेतीयोग्य जमिनमध्ये अधिकांश जमिन मौसमी वर्षामा निर्भर रहेको छ । नगरपालिकामा बगिरहेका विभिन्न खोलानालाहरुको किनारमा अवस्थित यस नगरपालिकाको खेतीयोग्य जमिनको उर्वराशक्ति उच्च रहेको छ। हाल गुर्भाकोट नगरपालिकामा ३.२२ प्रतिशत भूमिमा मात्र भौतिक संरचना निर्माण भएको देखिन्छ। यस नगरपालिकामा पानी/नदी तथा ताल तलैया क्षेत्रले करिब १.०९ प्रतिशत (२.४९५ वर्ग कि.मि.) जमिन ओगटेको छ। नगरपालिकाको सन् २०२० को भू-उपयोगको विवरण तलको तालिका ३ मा उल्लेख गरिएको छ ।

**तालिका ३ः गुर्भाकोट नगरपालिकाको भू-उपयोग विवरण**

| भू-उपयोग क्षेत्र | २०२० | |
|---|---|---|
| | **क्षेत्रफल (वर्ग कि.मी)** | **प्रतिशत** |
| वन | १४२.३६ | ६२.२९ |
| झाडी बुट्यान | १९.८३ | ८.६७ |
| घाँसेमैदान | ०.१८ | ०.०५ |
| कृषिक्षेत्र | ५५.८५ | २४.४४ |
| बाँझो जमिन क्षेत्र | ०.५६ | ०.२४ |
| पानीजन्य क्षेत्र | २.४९ | १.०९ |
| शहरी तथा बस्ती क्षेत्र | ७.३५ | ३.२२ |
| जम्मा क्षेत्रफल | २२८.६२ | १०० |

स्रोतः नापी विभागको भूउपयोग नक्सा/Arcgis 10.6

### १.४.३ जलस्रोतको विवरण

नगरपालिकाका विभिन्न भौगोलिक क्षेत्र तथा वडाहरुमा फैलिएर रहेका नदी नाला, खोला, ताल तलैया र पोखरीहरुले प्रशस्त जलभण्डार गर्नुका साथै यस्ता पोखरीहरुबाट पशुहरुले पानी पिउने र किसानहरुले समेत बेलाबखत आंशिकरुपमा सिंचाइको लागि पानीको प्रयोग गरेको देखिन्छ। चित्र १२ मा प्रस्तुत गरिए अनुसार यस नगरपालिका भित्र भेरी नदी, गोचे खोला, बेतेनी खोला, बर्मागर खोला, सार्किमारे खोलाहरु बहने गर्दछ ।




(स्रोतः जल तथा मौसम विज्ञान विभाग/ Digital Elevation Model, SRTM 20m resolution / Open Source Map/ Satellite Image/Arcgis 10.6)

**चित्र १२ गुर्भाकोट नगरपालिकाको परिधि भित्रको नदी सञ्जालको नक्सा**

मानव बस्तीको विकास र बसाइँसराइको चाप र अव्यवस्थित उपयोगले प्राकृतिक पोखरीहरुमा भूक्षय भई पुरिने क्रम जारी छ।

## १.४.४ भिरालोपन

जमिन तथा भू-भागको अर्को महत्वपूर्ण निर्णायक तत्व त्यहाँको भिरालोपन हो। पहाडको उचाइ र मोहोडाको साथ साथै भिरालो पनका कारण मानव बसोबास, कार्यकलाप तथा भौतिक पूर्वाधार विकासमा विविध खालका समस्याका साथै विभिन्न किसिमका विपद् तथा जोखिमहरुको उत्पत्तिको कारण त्यहाँको भूधरातलको भिरालोपन रहेको हुन्छ। यस नगरपालिकाको २, ३, ४, ९, ११, १२ र १४ मा भिरालो जमिन अर्थात ३० डिग्री भन्दा वढी भिरालोपन भएको जमिन प्रशस्त रहेको देख्न सकिन्छ। नगरपालिकाको वडाहरुको भिरालोपन भूभागको वितरण तलको चित्र १३ नक्सामा देखाइएको छ ।




(स्रोतः Digital Elevation Model, SRTM 20m resolution / Open Source Map/ Satellite Image/Arcgis 10.6)

**चित्र १३ गुर्भाकोट नगरपालिकाको भिरालोपनाको नक्सा**

यसका साथै यस नगरपालिकाको उचाइको विवरण केलाउदा यो नगरपालिका समुद्र सतह देखि १४१ मिटर देखि २७४२ मिटरको उचाइ सम्म फैलिएको छ। नगरपालिकाको उचाइको विवरण चित्र १४ मा प्रस्तुत गरिएको छ।




(स्रोतः Digital Elevation Model, SRTM 20m resolution / Open Source Map/ Satellite Image/Arcgis 10.6)

**चित्र १४ गुर्भाकोट नगरपालिकाको भू-धरातलीय नक्सा**

## १.५ भौतिक पूर्वाधारको अवस्था

यस नगरपालिकाको भौतिक पूर्वाधारमा नगरपालिकाको कार्यालय, वडा कार्यालय, सरकारी संस्था, विद्यालय, कलेज, बैंक तथा सहकारी, स्वास्थ्य चौकी र अस्पताल जस्ता सेवाहरु समावेश छन् जसले नगरपालिकाका बासिन्दाहरुलाई दैनिक सेवा प्रदान गर्दछ । यस नगरपालिकामा २ वटा क्याम्पस, ९ वटा माध्यमिक तह र ६६ वटा आधारभूत तह गरि जम्मा ७७ वटा शिक्षण संस्थाहरु संचालन छन् । त्यस्तै यस पालिकामा ३ भन्दा बढी बैंकका शाखा कार्यालयहरु रहेका छन् ।

### १.५.१ सडक सञ्जाल

कर्णाली प्रदेशमा पर्ने सुर्खेत जिल्लाको यो नगरपालिका चुरे तथा महाभारत क्षेत्रमा पर्ने हुँदा सडक तथा यातायात पूर्वाधार विकासको हिसाबले सन्तोषजनक अवस्थामा छैन । शुभाघाट-जाजरकोट लोकमार्गको दायाँ बायाँ रहेको यो नगरपालिकाको केन्द्र नजिकै रहेको छ । त्यसै गरी नगरपालिका भित्रको आन्तरिक सडक सञ्जाल केही कालोपत्रे भएका भए तापनि भित्री सडकहरु साँघुरा र स्तरोन्नति गर्नुपर्ने अवस्थामा छन् । विशेषगरि वर्षायाममा जीर्ण सडक तथा पहिरोका कारण बस्तीहरु बीच सम्पर्क स्थापित हुन कठिन हुन्छ र आपतलाकिन सहायता पुर्याउन कठिन हुने गरेको छ । यस नगरपालिकाको सडक सञ्जाल चित्र १५ मा प्रस्तुत गरिएको छ ।




(स्रोतः Digital Elevation Model, SRTM 20m resolution / Open Source Map/ Satellite Image/Arcgis 10.6)

**चित्र १५ गुर्भाकोट नगरपालिका भित्रको सडक सञ्जालको नक्सा**

### १.५.२ पर्यटन
गुर्भाकोट नगरपालिकाको समग्र विकासको लागि पनि यहाँको पर्यटन विकास महत्वपूर्ण पक्ष हो । यहाँको समग्र विकासको लागि सम्भाव्य पर्यटकीय स्थलहरुको प्रवर्धन गर्न आवश्यक छ । यस क्षेत्रमा रहेका जुरीचुला, भोटेचुली आदी महत्वपूर्ण  पर्यटकीय स्थलहरु मानिन्छन् ।

### १.५.३ स्वास्थ्य क्षेत्र
यस क्षेत्रमा सामान्य स्तरको स्वास्थ्य सेवाहरु नगरपालिकामा रहेका विभिन्न स्वास्थ्य चौकीहरु मार्फत प्रदान भइरहेको पाइन्छ भने स्वास्थ्य सेवाका लागि आवश्यक सुविधा सम्पन्न  अस्पताल र विशेषज्ञ सवाका अभाव रहेका छ । नगरपालिकामा स्वास्थ्य चौकी ७, सहरी स्वास्थ्य केन्द्र २ साथै  केही पोलिक्लिनिक, क्लिनिक, फार्मेसी सञ्चालनमा रहेका छन् । यी संस्थाहरुबाट सीमित मात्रामा मात्र स्वास्थ्यका आधारभुत सेवा मात्र प्राप्त हुने गरेको छ । नेपाल सरकारको “एक स्थानीय तह एक अस्पताल निर्माण” अभियान अन्तर्गत नगरपालिकामा एक १५ शैयाको हस्पिटल निर्माणाधिन अवस्थामा रहेको छ ।

## १.६ उद्देश्य
जोखिम नक्साङ्कनले नगरपालिकालाई आफ्नो विपद् पूर्वतयारी तथा विपद् व्यवस्थापनललाई व्यवस्थित तथा स्थानीय समुदायलाई सुरक्षित तथा जोखिम सुसुचीत गराउन तथा विपद् र जलवायु परिवर्तनका नकारात्मक प्रभाव कम गर्न र उत्थानशीलता स्थापना गर्न सक्षम बनाउने छ । यसले नियमित भूमि व्यवस्थापन र पूर्वाधार विकासको आधारमा सुरक्षित भवन निर्माण अभ्यास तथा महानगरपालिकाको समग्र विकास सुनिश्चित गर्नेछ । सोहि औचित्यको साथमा यस कार्यको मुख्य उद्देश्य गुर्भाकोट नगरपालिकाको जोखिम पार्श्वचित्रतयार गर्नु रहेको छ । साथै यस कार्य अन्तर्गत जोखिम मूल्याङ्कन गर्नु पनि अर्को उद्देश्य रहेको छ । यी प्रमुख उद्देश्यलाई तल लिखित बुँदामा प्रष्ट पार्न सकिन्छ ।

- नगरपालिका स्तरमा संकटासन्नता मूल्याङ्कन, जोखिम विश्लेषणको आधारमा जोखिम नक्सा तयार गर्नु रहेको छ
- जोखिम संवेदनशील समुदायहरुको पहिचान गरि सुधारात्मक उपायहरुको प्रस्ताव गर्नु

## १.७ कार्यविधि
यस नगरपालिकाको बाढी, डुबान, आगलागीको जोखिम पार्श्वचित्रलक्षित समूह छलफल, सामुदायिक परामर्शका आधारमा सहभागितामूलक प्रक्रियाबाट तयार गरिएको छ । यस योजना तयार गर्न निम्न प्रक्रियागत चरणहरु सम्पन्न गरिएका छन् :

**क) भौगोलिक सूचना प्रणालीमा आधारित नक्सा तयारी**

कुनै पनि भू-उपयोग योजना तयार गर्न सो स्थानको आधार नक्सा (Basemap) तयार गर्नुपर्दछ । त्यसकारण सबै भन्दा पहिलो चरणमा भौगोलिक सूचना प्रणालीमा आधारित नक्सा तयार गरिएको छ । सो नक्साको लागि चाहिएका तथ्याङ्कहरु (सडक, विद्यमान भू-उपयोग, बस्ती, प्रमुख पूर्वाधार, प्रकोप जोखिम क्षेत्र आदी) विभिन्न निकायहरुबाट माध्यमिक सूचना सङ्कलन गरि निकालिएको छ । यसरी तयार गरिएको नक्सालाई स्थानीय समुदायसँग अन्तर्क्रिया तथा छलफलको आधारमा प्रमाणीकरण र संशोधन गरिएको छ ।

**ख) संकटासन्न बस्तीको पहिचान**

सामुदायिक छलफलको क्रममा नगरपालिकामा रहेका अनौपचारिक बस्ती, पिछडिएका बस्ती तथा अन्य प्रकोपको जोखिममा रहेका बस्तीहरुको पहिचान गरिएको छ र नक्साङ्कन गरिएको छ ।

**ग) बस्ती ढाँचा र विकास प्रवृत्ति अध्ययन**

भविष्यमा शहरी विकासको प्रवृत्ति हेर्नको लागि ऐतिहासिक रुपमा बस्ती ढाँचा र विकास कसरी भईरहेको छ भन्नेबारे अध्ययन गरिएको छ ।

**ङ) जोखिम नक्साङ्कन**

माथि गरिएका अध्ययनको आधारमा विकास जोखिम क्षेत्र, पहिचान गरि जोखिम पार्श्वचित्रतयार गरिएको छ ।

## १.८ कार्यक्षेत्र र सीमा

यस जोखिम-नक्साङ्कनको कार्यक्षेत्रमा केही सीमितता रहेका छन् जसलाई तल दिईएका बुँदाद्वारा प्रस्ट्याइएको छ :
प्रस्तावित जोखिम पार्श्वचित्रविभिन्न आधिकारीक निकायहरुबाट प्राप्त माध्यमिक (Secondary) सूचना र तथ्याङ्कमा आधारित रहेको छ। आधार नक्सा तयारीका लागि प्रारम्भिक तथा माध्यमिक तथ्याङ्क सङ्कलन गरेर अध्यावधिक गरिएको छ ।
सामुदायिक तथा वडा कार्यालयमा उपस्थित महानुभावहरुको परामर्शहरुबाट नक्साको प्रमाणीकरण तथा अध्यावधि गरिएको छ ।
प्रस्तावित जोखिम नक्साङ्कनले भविष्यमा गरिने विपद् पूर्वतयारी, विपद् योजना निर्माण तथा बस्ती विकासको निम्ति आधार प्रदान गर्नेछ र  जसले विद्यमान भवन निर्माण मापदण्डको अद्यावधिकीकरण र नगरको विकासलाई दिशानिर्देश गर्नेछ ।

## १.९ मार्गदर्शन सिद्धान्तहरु

यस गुर्भाकोट नगरपालिकाको जोखिम पार्श्वचित्र तयारीको निम्ति केही मार्ग दर्शन सिद्धान्तहरु समेत अवलम्बन गरिएका छन् जसलाई मुख्य रुपमा तल दिइएको बुँदामा प्रस्ट पारिएको छ।

## १.१० भूमि तथा भूमि स्रोतको प्रभावकारी उपयोग

- बहु-प्रकोपीय जोखिम क्षेत्रको पहिचान
- जोखिमपूर्ण तथा वातावरणीय संवेदनशील क्षेत्रमा विकास माथि नियन्त्रण
- संकटासन्नता देखि उत्थानशीलतासम्म

# खण्ड २: विपद् व्यवस्थापनका कानूनी व्यवस्था

## २.१ विपद् जोखिमको राष्ट्रिय परिदृष्य

भिरालो र कमजोर भौगोलिक संरचना, चलायमान भौगर्भिक अवस्था, बदलिंदो हावापानी र मानवीय असावधानीका कारण नेपाल प्राकृतिक र गैरप्राकृतिक बहुप्रकोपको उच्च जोखिममा रहेको छ। विश्वव्यापी रुपमा भूकम्पीय जोखिमका दृष्टिले नेपाल ११ औँ, जलवायु परिवर्तनका जोखिमको दृष्टिले चौथो स्थानमा रहेको (गृह मन्त्रालय २०१५) छ। देशका धेरै जिल्लाहरुमा हरेक वर्ष विभिन्न प्रकारका प्रकोपका घटनाहरु दोहोरिइरहने गर्दछन् र ८० प्रतिशत भन्दा बढी जनसङ्ख्या बाढी, पहिरो, हावाहुरी, असिन, आगलागी, भूकम्प तथा हिमताल विष्फोटन जस्ता बहुप्रकोपहरुको जोखिममा रहेका छन्। समग्र विपद्का हिसाबले नेपाल २० औं विपद् संकटासन्न राष्ट्रको रुपमा सूचीकृत छ (गृह मन्त्रालय २०१७) ।

सन् १९७१ देखि २०१५ सम्मको तथ्याङ्क अनुसार विपद्का कारण नेपालमा ४० हजार भन्दा धेरै मानिसको मृत्यु भएको छ। बिभिन्न विपद्का कारण प्रतिवर्ष औसतमा ९०० जनाको मृत्यु हुनेगरेको, १ लाख ३२ हजार मानिसहरु प्रभावित हुनेगरेको र ३० हजार घरहरुमा क्षति हुनेगरेको र सामान्य अवस्था कुल ग्राहस्थ उत्पादनको २ प्रतिशत विपद्को कारण नोक्सानी हुने गर्दछ। नेपालमा वार्षिक करिब १० हजार सडक दुर्घटना हुने गरेका छन् भने करिब १९०० व्यक्तिको मृत्यु हुने र १३०० मानिसहरु घाइते तथा अङ्गभङ्ग हुने परिदृष्य पछिल्लो तथ्याङ्कले देखाएको छ (विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८-२०३०) ।

भूकम्प, बाढी, पहिरो, आगलागी, हावाहुरी, शीतलहर, महामारी, चट्याङ, डुङ्गा दुर्घटना जस्ता विपद्हरु नेपालमा हरेक वर्ष बारम्बार दोहोरिरहने विपद्हरु हुन्। पछिल्लो समय नेपालमा मानव सृजित विपद्का कारण मानवीय क्षति बढीरहेको छ। खासगरि सडक दुर्घटना, महामारी, आगलागी, सर्पदंश जस्ता प्रकोपका कारण मानवीय तथा धनसम्पत्तिको क्षति बढीरहेको छ। दैनिक १७ वटा सडक दुर्घटना हुने र दैनिक ५ जना भन्दा मानिसको मृत्यु हुने गरेको छ (विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८-२०३०) ।

हिन्दुकुश हिमालय क्षेत्रका ८ वटा देशहरुमध्ये बहुप्रकोपको जोखिमका कारण हुने मृत्युदरमा नेपाल बंगलादेश पछि दोश्रो स्थानमा रहेको छ। यस्तो अवस्थाका कारण पनि यहाँ क्षतिको मात्रा वृद्धि हुदै गएको छ (इसिमोड २०१९) ।

भौगर्भिक रूपमा गतिशील पर्वत श्रृंखला, अस्थिर र अति भिरालो जमिन तथा कमजोर भौगोलिक बनावटका कारण मनसुनको समयमा देशैभरि विभिन्न प्रकारका भौगर्भिक तथा जलवायुजन्य प्रकोपहरु हुने गर्दछन्। करिब ८३ प्रतिशत नेपाल हिमाल तथा पहाडी भू-भागमा र १७ प्रतिशत समतल तराईमा पर्छ। पहाडी भाग पहिरो र भू-क्षयको जोखिममा छ भने तराई र चुरे क्षेत्र बाढी, खडेरी, आगलागी र महामारीको जोखिममा छन्। हिमाली क्षेत्रमा हिमपहिरो र हिमताल विस्फोटनको खतरा छ। पुरै नेपाली भू-भाग सक्रिय भूकम्पीय क्षेत्रमा पर्ने हुनाले पहाडी र हिमाली क्षेत्रका बस्तीहरु उच्च भूकम्पीय जोखिममा छन्। यी विपद् बाहेक देशमा अन्य मानव सृजित विपद्का घटनाहरु पनि हुने गरेका छन् (विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८-२०३०) ।

## २.२ विपद् जोखिमको प्रादेशिक परिदृष्य

कर्णाली प्रदेश सुर्खेत, दैलेख, सल्यान, रुकुम पश्चिम, जाजरकोट, कालिकोट, हुम्ला, डोल्पा, मुगु र जुम्ला जिल्ला समेटेर बनाइएको छ। यो प्रदेश क्षेत्रफलका हिसाबले सबै भन्दा ठुलो प्रदेश समेत रहेको छ। यस प्रदेशका सम्पुर्ण जिल्लाहरु चुरे, महाभारत पर्वत देखि उच्च हिमाली क्षेत्र सम्म पर्दछन् ।

वि.सं. २०७० देखि २०७९ सम्म कर्णाली प्रदेशमा भएका १४८० विपद्का घटनाहरुमा ५०३ जनाको मृत्यु, २०३ जना बेपत्ता तथा ७३६ जना घाईते भए, यसै सिलसिलामा ६, २४३ घरधुरी प्रभावित भएका थिए। यसै सिलसिलामा दुर्घटना र कोरोना माहामारी बाहेकका अन्य विपद्का घटनामा करिब ११ अर्ब, १ करोड, १७ लाख ७९ हजार २ सय ३८ रुपैया आर्थिक नोक्सानी भएको देखिन्छ।

यस प्रदेशको मुख्य प्रकोपमा बाढी तथा पहिरो, आगलागी, चट्याङ्ग, हावाहुरी रहेका छन् र वर्षेनि करोडौं आर्थिक क्षति हुने गरेको छ। यस क्षेत्रको कमजोर भु-बनोट, जलवायुको अवस्था, वर्षातको प्रकृति, प्राकृतिक स्रोतको अत्यधिक दोहन तथा वातावरणीय प्रभावको अध्ययन विना हुने विकास निर्माणले जोखिमका घटनाहरुको वृद्धि गराईरहेको छ।

समग्र कर्णाली प्रदेशको बिगतको विपद् परिदृष्यलाई नियाल्दा र यहाँ विपद्ले पुर्याएको क्षतिको अवस्थालाई हेर्दा यो प्रदेश बहुप्रकोपको उच्च जोखिममा रहेको छ। अनुसन्धान र खोजहरुले यो प्रदेश प्राकृतिक र मानवीय प्रकोपका कारण संकटासन्न देखिन्छ। पहिरो, बाढी, आगलागी, रोगको प्रकोप, सडक दुर्घटना, खडेरी, चट्याङ र सुख्खा खडेरी, हावाहुरी मुख्य प्रकोपहरु हुन् (OPM 2019) । प्रमुख रुपमा जलउत्पन्न, जलवायुजन्य र भौगर्भिक प्रकोपका दृष्टिकोणले संकटासन्न प्रदेशको रुपमा रहेको छ भने अधिकतम उद्योग कलकारखाना सञ्चालन यही प्रदेशमा भएकोले औद्योगिक तथा प्राविधक विपद्को पनि जोखिम रहेको छ। बाढी, पहिरो, सडक दुर्घटना, आगलागी, हावाहुरी, असिन, चट्याङ, डुङ्गा दुर्घटना जस्ता प्रकोपहरु वर्षेनी दोहोरिइरहने क्रम निरन्तर रहेकोले पूर्वतयारीका क्रियाकलापहरुलाई निरन्तरता दिनु आवश्यक छ।

## २.३ विपद् जोखिमको जिल्ला परिदृष्य

सुर्खेत जिल्लाको सन् २०१५ देखि २०२२ सम्मको विपद् घटना अवस्था विश्लेषण गर्दा सुर्खेत जिल्लामा मात्र २१० वटा विपद्का घटना भएको देखिन्छ भने सबै भन्दा वढी ५८ वटा विरेन्द्रनगर नगरपालिकामा भएको छ, ३० वटा गुर्भाकोट नगरपालिका, २९ वटा गुर्भाकोट नगरपालिकामा भएका छन् भने सबै भन्दा कम ५ वटा चिंगाढ गाउँपालिकामा भएका छन्। विपद्का घटनाको विस्तृत विवरण तलको तालिका ४ मा उल्लेख गरिएको छ ।

**तालिका ४ः सुर्खेत जिल्लाको विभिन्न स्थानीय निकायमा घटेका विपदका घटनाको सङ्ख्या**

| **स्थानीय निकाय** | **जम्मा विपद् घटना** |
|---|---|
| बराहताल गाउँपालिका | १८ |
| गुर्भाकोट नगरपालिका | २९ |
| विरेन्द्रनगर नगरपालिका | ५८ |
| चौकुने गाउँपालिका | ११ |
| चिंगाढ गाउँपालिका | ५ |
| गुर्भाकोट नगरपालिका | ३० |
| लेकबेंसि नगरपालिका | २१ |
| पञ्चपुरी नगरपालिका | २१ |
| सिम्ता गाउँपालिका | १७ |
| **जम्मा** | **२१०** |

स्रोतः गृह मन्त्रालय, विपद् पोर्टल (bipadportal.gov.np)

यसै गरि सुर्खेत जिल्लकामा भएका (सन् २०१८ देखि २०२२) विभिन्न विपद्का घटनाका कारण १७ जनाको मृत्यु, ५५ जना घाईते तथा ३०८ वटा घरधुरी प्रत्यक्ष रुपमा प्रभावित भएका थिय, यस अनुसार करिब सोह्र करोड छप्पन्न लाख चार सय तिस रुपैया बराबरको आर्थिक क्षति समेत भएको छ । सुर्खेत जिल्लामा भएका विपद्का घटना र त्यसबाट भएको क्षतिको विवरण तलको तालिका ५ मा उल्लेख गरिएको छ ।

**तालिका ५: सुर्खेत जिल्लाको विभिन्न स्थानीय निकायमा विपदबाट भएका क्षेतीको विवरण**

| स्थानीय निकाय | मृत्यु | घाईते | प्रभावित परिवार | अनुमानित क्षति |
|---|---|---|---|---|
| बराहताल गाउँपालिला | ४ | ११ | ३३ | १,२३,०६,००० |
| गुर्भाकोट नगरपालिका | ३ | ३ | ३५ | ४१,०६,३०० |
| विरेन्द्रनगर नगरपालिका | ० | ९ | ८१ | ९,७१,१२,२०० |
| चौकुने गाउँपालिका | २ | ३ | १० | ३९,५०,००० |
| चिङ्गाढ गाउँपालिका | ० | ६ | ६ | - |
| गुर्भाकोट नगरपालिका | १ | ४ | ६० | ३,१६,६८,००० |
| लेकवेंशी नगरपालिका | १ | ४ | २१ | २३,९२,९३० |
| पञ्चपुरी नगरपालिका | ३ | ३ | ४१ | १,०१,१०,००० |
| सिम्ता गाउँपालिका | ३ | १२ | २१ | ३९,५५,००० |
| जम्मा | १७ | ५५ | ३०८ | १६,५६,००,४३० |

स्रोतः गृह मन्त्रालय, विपद् पोर्टल (bipadportal.gov.np)

## २.४ विपद् जोखिमको स्थानीय परिदृष्य

गुर्भाकोट नगरपलिकाको विपद् जोखिमको अवस्था हेर्दा वर्षेनि बाढी, पहिरो, आगलागी, डढेलो, चट्याङ्ग जस्ता प्रकोपका कारण वर्षेनि लाखौंको धनमालको क्षति हुने गरेको छ। यस गुर्भाकोट नगरपालिकामा विगत ३० वर्षमा पहिरो, नदी कटान तथा बाढीका जम्मा ३२ घटनाहरु घटेका थिए। विशेष गरि गोचे खोला आसपास हुने गरेको नदी कटान, पहिरोले धेरै समुदायलाई क्षति पुग्ने गरेको छ। यसै गरि आगलागीका ११ वटा घटना घटेका थिए र सबै भन्दा बढी वडा नं ३ मा रहेको पाइन्छ।

## २.५ कानूनी, नीतिगत तथा संस्थागत व्यवस्था

### २.५.१ अन्तर्राष्ट्रिय कार्यढाँचा तथा रणनीतिहरु

**विपद् जोखिम न्यूनीकरणका लागि सेण्डाई कार्यढाँचा सन् (२०१५ - २०३०)**

जापानको सेण्डाईमा सन् २०१५ मार्चमा सम्पन्न भएको तेश्रो विपद् जोखिम न्यूनीकरण सम्बन्धी सम्मेलनले विश्वमा विपद्का कारणबाट हुने मानवीय, भौतिक र आर्थिक क्षतिमा  कमी ल्याउने उद्देश्यका साथ विपद् जोखिम न्यूनीकरणका साथ विपद् जोखिम न्यूनीकरणका लागि सेण्डाई कार्यढाँचा (२०१५ - २०३०) पारित गर्यो। सेण्डाई कार्यढाँचाले विपद्

जोखिम न्यूनीकरणका लागि निर्धारण गरेका सातवटा लक्ष्ययहरुमा विश्वव्यापी रुपमा विपदबाट हुने मृत्युदरमा उल्लेख्य रुपमा कम गर्ने, विपद् बाट प्रभावित हुने जनसङ्ख्या उल्लेख्य रुपमा कम गर्ने, विपद्को कारणबाट हुने आर्थिक क्षति उल्लेख्य रुपमा घटाउने, विपद् बाट हुने संवेदनशील पूर्वाधारको नोक्शानी घटाउने, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय तथा स्थानीय रणनीति भएका देशहरुको सङ्ख्या बढाउने र बहुप्रकोप पूर्वसूचना प्रणाली र विपद् जोखिम सम्बन्धी सूचनाको पहुँच र उपलब्धता बढाउने रहेका छन् । उपरोक्त लक्ष्य हासिल गर्नका लागि उक्त सम्मेलनले चारवटा प्राथमिकताहरु निर्धारण गरेको छ । विपद् सम्बन्धी बुझाई, विपद् जोखिम न्यूनीकरण लागि सबलीकृत विपद् जोखिम सुशासन्, विपद् जोखिम न्यूनीकरणमा लगानी प्रवद्धन गर्ने र पुर्नस्थापना र पुननिर्माणका क्रियाकलापहरुमा अझ राम्रो अझ बलियो अवधारणा सहित विपद् पूर्वतयारी सेण्डाई कार्यढाँचाले निर्धारण गरेका प्राथमिकताहरु हुन् ।

**पेरिस सम्झौता २०१५**

डिसेम्बर २०१५ मा फ्रान्सको पेरिसमा पक्ष राष्ट्रहरुको २१ औं सम्मेलन सम्पन्न भयो । यस सम्मेलनले दिगो विकास तथा गरिबी निवारण गर्ने प्रयासका सन्दर्भमा जलवायु परिवर्तनका जोखिमलाई घटाउन विश्वब्यापी उपायहरु प्रस्तुत गर्यो । यसै सम्मेलनलाई पेरिस सम्झौताका नामले चिनिन्छ । जलवायु परिवर्तनको जोखिम तथा यसबाट उत्पन्न असरहरुलाई उल्लेख्यरुपले न्यूनीकरण गर्ने कुरालाई आत्मसाथ गर्दै विश्वव्यापी औसत तापक्रममा हुने वृद्धिलाई पूर्व औद्योगिक तहभन्दा माथि १.५ डिग्री सेल्सीयसमा सीमित राख्न प्रयास गर्ने, खाद्य उत्पादनमा कमी हुन नदीने गरि जलवायु परिवर्तनका प्रतिकुल प्रभावहरुलाई अनुकुल गर्ने क्षमता बिस्तार गर्ने र न्युन हरितगृह ग्याँस उत्सर्जन तथा जलवायु अनुकुलन विकासमूलक कार्यप्रणाली अनुरुप लगानी गर्ने उद्देश्य लिएको पेरिस सम्झौताले जलवायु परिवर्तनका कारण हुनसक्ने क्षति तथा नोक्शानीलाई सम्बोधन गर्दै यसको न्यूनीकरणका लागि पर्व सूचना प्रणाली, आपत्कालीन प्रतिकार्य र जोखिम हिस्सेदारीमा सहकार्य गर्दै जलवायुजन्य जोखिम न्यूनीकरणका विषयवस्तुलाई प्राथकितामा राखेको छ ।

**दिगो विकास लक्ष्य सन् २०१५-२०३०**

सन् २०१५ सेप्टेम्बरमा संयुक्त राष्ट्रसंघका १९३ सदस्य राष्ट्रहरुले सन् २०३० सम्मका लागि दिगो विकास लक्ष्यहरु पारित गरेका छन् । संयुक्त राष्ट्रसंघले सन् २०३० सम्ममा विश्वलाई रुपान्तरण गर्नका लागि दिगो विकास लक्ष्य २०३० अगाडि ल्याएको हो जुन दिगो विकासका तीन आधारभुत आयामहरु आर्थिक विकास, सामाजिक समानता र वातावरणीय सन्तुलनमा आधारित छन् । पृथ्वी, मानव, समृद्धि, शान्ति र साझेदारीहरुलाई दिगो विकास प्राप्तीका लागि आधार स्तम्भ मानेको छ । दिगो विकास लक्ष्य २०१५-२०३० उत्थानशील विकासका लागि विपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकुलनका विषयलाई विकास लक्ष्यमा समावेश गरिएको दस्तावेज हो । दिगो विकास लक्ष्यमा विपद् जोखिम न्यूनीकरणको सवाल विभिन्न क्षेत्रसँग सम्बन्धीत लक्ष्यहरुमा समावेश भएका छन् । दिगो विकासका १७ लक्ष्यहरुमध्ये १० वटा र ६९ वटा प्रमुख सूचक मध्ये २५ वटा सूचकहरु विपद् जोखिम न्यूनीकरण र उत्थानशीलतासँग सम्बन्धीत छन् । दिगो विकास लक्ष्यले जोखिमका अन्तरनिहित कारणहरुलाई क्षेत्रगत र नियमित विकास प्रयास मार्फत सम्बोधन गरेर जोखिम सुसूचीत विकास र उत्थानशील भविष्यको सुनिश्चितता गर्दछ भने सेण्डाई कार्यढाँचाले अघि सारेका सातवटा लक्ष्यले विश्वव्यापी लक्ष्यमार्फत विपद् बाट हुने मानवीय, आर्थिक र पूर्वाधारको क्षति तथा नोक्शानीलाई घटाउँदै विकासको दिगोपनालाई सुनिश्चित गर्न मद्दत गर्दछ ।

### नयाँ शहरी एजेण्डा २०१६

सन् २०१६ को अक्टोबरमा आवास तथा दिगो शहरी विकासका लागि संयुक्त राष्ट्रसंघीय सम्मेलनमा अवलम्बन गरिएको नयाँ शहरी एजेण्डाले पनि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन अपनाउने र कार्यान्वयन गर्ने, सङ्कटको अवस्था कम गर्ने, प्राकृतिक तथा मानव सिर्जित प्रकोपमा उत्थानशीलता एवं प्रतिकार्य क्षमता निर्माण गर्ने र जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकुलनलाई बढावा दिने शहरहरुको परिकल्पना गरेको छ ।

### मानवीयताका लागि ऐजेण्डा २०१६

सन् २०१६ टर्कीको स्तानबुलमा भएको विश्व मानवीयता सम्बन्धी सम्मेलनले पाँचवटा प्रमुख दायित्वसहित मानवीयताका लागि एजेण्डा पारित गर्यो । यस एजेण्डाले मानवीय सहायताका लागि गरिने कार्य र विकास कार्यलाई जोड्ने नयाँ मार्ग प्रसस्त गरेको छ । यस एजेण्डामा उल्लेख गरिएका पाँचवटा प्रमुख दायित्वमध्ये मानवीयताका लागि लगानी र कोही पछि नहोस् रहेका छन् । यसले मानवीय सहायताका लागि काम गर्ने स्थानीय संस्था र प्रणालीलाई बलियो बनाउन जोड दिएको छ ।

## २.५.२ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि राष्ट्रिय कानून नीति तथा कार्ययोजना

### नेपालको संविधान २०७२

नेपालको संविधानले विपद् व्यवस्थापनलाई राज्यको दायित्वको रुपमा संवैधानिक रुपले नै परिभाषित गरेको छ । संविधानमा राज्यका नीतिहरु अन्तर्गत जलउत्पन्न प्रकोप नियन्त्रण र नदीको व्यवस्थापन गर्न पूर्वसूचना प्रणालीको विकास, पूर्वतयारी , उद्धार राहत एवं पुनर्स्थापना गर्ने उल्लेख गरेको छ ।

संविधानको अनुसूची ८ ले स्थानीय तहको एकल अधिकारको सूचीका २२ बुँदामध्ये एउटा बुँदामा विपद् व्यवस्थापन रहेको छ । अनुसूची ९ मा संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीमा विपद् व्यवस्थापनलाई राखिएको छ । यसरी नेपालको वर्तमान संविधानले विपद् व्यवस्थापनसँग सम्बन्धीत विषयलाई तीनवटै तहको साझा अधिकार क्षेत्रको रुपमा परिभाषित गरेको छ ।

### विपद् जोखिम न्यूनीकरण नीति २०७५

विपद् जोखिम न्यूनीकरणका लागि सेण्डाई कार्यढाँचा, दिगो विकासका लक्ष्यहरु, जलवायु परिवर्तन सम्बन्धी पेरिस सम्झौता लगायतका अन्तर्राष्ट्रिय सन्धि सम्झौता एवं राष्ट्रिय आवश्यकता महशुस गरि विपद् जोखिमबाट सुरक्षित, जलवायु अनुकुलित तथा उत्थानशील राष्ट्रको निर्माण गर्दै दिगो विकासमा योगदान पुर्याउने दीर्घकालीन सोचका साथ लागू भएको छ ।

यस नीतिको योजनाबद्ध कार्यान्वयनका लागि तीनै तह संघ, प्रदेश र स्थानीय तहमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन रणनीतिक कार्ययोजनाका साथै आवधिक, वार्षिक तथा आकस्मिक योजना तर्जुमा गरि कार्यान्वयन गरिने विषयगत मन्त्रालय, सार्वजनिक निकायहरु, विकास साझेदार तथा निजी क्षेत्रको कार्यक्रम तर्जुमा एवं लागू गर्दा यस नीतिलाई मार्गदर्शनको रुपमा लिइने, प्रदेश तथा स्थानीय सरकारका आवधिक तथा वार्षिक योजना तथा कार्यक्रम तर्जुमा एवं कार्यान्वयन गर्दा यस नीतिलाई मार्गदर्शनको रुपमा लिइनेछ । संघ, प्रदेश र स्थानीय तहमा आवश्यक बजेट

विनियोजन गरि कार्यक्रम सञ्चालन गरिने र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ (पहिलो संशोधन २०७५) मा व्यवस्था भए बमोजिम आवश्यक कानून तथा संस्थागत व्यवस्था गरिने उल्लेख छ ।

## विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ (पहिलो संशोधन २०७५)

सन् २०१५ पछि विपद् व्यवस्थापनको क्षेत्रमा विश्वव्यापी रुपमा विकास भएका अवधारणा र नेपालले विपद् व्यवस्थापनका क्षेत्रमा गरेका बिगतका अनुभवका आधारमा यो ऐन निर्माण गरिएको हो । पहिलो कुरा यस ऐनले विपद्जोखिम न्यूनीकरण र व्यवस्थापनका सबै चरणहरुलाई बृहत रुपमा समेटेको छ र दोश्रो कुरा संघीय संविधानको मर्म अनुरुप विपद् व्यवस्थापनको तहगत संरचना निर्धारण गरिएको छ । जसमा केन्द्रमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद र कार्यकारी समिति, प्रदेशमा प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन परिषद र कार्यकारी समिति, जिल्लामा जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय तहमा स्थानीय विपद् व्यवस्थापन समिति रहने व्यवस्था गरिएको छ । तेश्रो कुरा नियमित र रणनीतिक रुपमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको कार्य गर्न र विपद् जोखिम सुसूचीत विकास योजनाको कार्यान्वयन मार्फत उत्थानशीलता विकास गर्नको लागि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय प्राधिकरण स्थायी संरचनाको प्रादुर्भाव भयो । त्यसैगरि यस ऐनले तीनै तहका सरकारलाई विपद् व्यवस्थापन कोष व्यवस्थापन र सञ्चालन गर्ने र राहत व्यवस्थापन र वितरण गर्ने अधिकार प्रत्यायोजन गरेको छ । संघ, प्रदेश र स्थानीय तीनवटै सरकारलाई विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी दीर्घकालीन, मध्यकालीन तथा अल्पकालीन नीति, रणनीतिक योजना तथा कार्यक्रम तर्जुमा गरि कार्यान्वयन गर्ने गराउने अधिकार प्रदान गरेको छ ।

## राष्ट्रिय कृषि नीति, २०६१

राष्ट्रिय कृषि नीति, २०६१ ले प्राकृतिक स्रोत, वातावरण र जैविक विविधताको संरक्षण, सम्वर्धन - एवं सदुपयोग गर्ने उद्देश्य लिएको थियो । यसमा प्राकृतिक प्रकोप, अतिवृष्टि, अनावृष्टि, रोग, कीरा एवं अन्य प्राकृतिक तथा गैरप्राकृतिक प्रकोपहरुको आंकलन र कृषि राहत परिचालनका लागि निगरानी प्रणाली स्थापित गरि क्रियाशील राखिने उल्लेख गरिएको थियो । हाल कार्यान्वयनमा रहेको कृषि विकास रणनीति (२०७२-२०९२) ले किसानहरुलाई जलवायु परिवर्तन र विपद् उत्थानशील बनाउन मौसम तथा जलवायु पूर्वसूचना प्रणालीको स्थापना, सुख्खा र पानी खप्न सक्ने जातको अनुसन्धान, किसान कल्याणकारी कोषको स्थापना, कृषि बीमाको प्रवद्धन, खाद्य, बीउ र स्याउलाको भण्डारण व्यवस्था, पूर्वतयारी र प्रतिकार्य कोषको स्थापना आदी क्रियाकलापहरुलाई प्राथमिकतामा राखेको छ ।

## राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा, २०१८

राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा २०१८ ले विपद् पूर्वतयारी र विपद् पछिको खोज, उद्दार र राहतलाई व्यवस्थित तुल्याउन, जिम्मेवारीको बाँडफाँड गर्न र समन्वयलाई प्रभावकारी बनाउन स्पष्ट व्यवस्था गरेको छ । यस अन्तर्गत प्रतिकार्यका लागि अन्तर्राष्ट्रिय सहयोगको अपिल गर्ने प्रक्रिया र त्यसको जिम्मेवारी, त्यसका लागि ध्यान दिनु पर्ने पक्ष, अन्तर्राष्ट्रिय सहायताको समन्वयका कुराहरुलाई पनि उक्त कार्यढाँचाले व्यवस्थित गरेको छ । उक्त कार्यढाँचाले आपत्कालीन समयमा निकायगत समन्वयका लागि विषय क्षेत्रगत समूहको प्रावधान, विपद् सूचना सङ्कलन र प्रभावको संयन्त्र र त्यसको परिचालनको पक्षमा पनि स्पष्ट व्यवस्था गरेको छ । विपद् पछिका विभिन्न समय अवधिको प्राथमिकतायुक्त कामको पहिचान गर्दै विपद् पछि गर्नुपर्ने कामको पहिचान र जिम्मेवारीको विभाजन पनि गरेको छ ।

**राष्ट्रिय स्वास्थ्य नीति, २०७१**

